CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

११९

पू

र्णा

ङ्क

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का.मे.अ.द.नं १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धैरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

३० वर्ष

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

३ अङ्क

सम्पादक –
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक –
दिनेशराज पन्त
(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. ८५।-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

१. के कैलासकूटवज ठीक पाठ हो — महेशराज पन्त १-१३

२. यक्ष मल्लको पालाका ३ वटा शिलालेख — महेशराज पन्त १४-२४

३. यक्ष मल्लको पालामा सारिएका ९ वटा पुस्तकको पुष्पिका — महेशराज पन्त २५-४४

४. यक्ष मल्लको आफ्नै र उनको पालाका, ताडपत्रमा लेखिएका पत्रको सूची — महेशराज पन्त
सहायक —
राजेश आचार्य, ज्ञानबहादुर के.सी. ४५-७०

बिक्रीमा भएका, संशोधन-मण्डलले बेच्ने गरेका हाम्रा कृति

१. *इतिहास-संशोधन* (१-६८ सङ्ख्या)* ३५०।-
२. *कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या* (१-२ सङ्ख्या)* ३०।-
३. *व्याकरण-संशोधन* (१-१० सङ्ख्या)* ३५।-
४. *पञ्चाङ्ग-संशोधन* (१-१७ सङ्ख्या) ३०।-
५. *सावधान-पत्र* (१-३१ सङ्ख्या)* १००।-
६. *इतिहास-संशोधनहरूको अभिनन्दन-ग्रन्थ* ५।-
७. *विद्या-रक्षा* (१-१५ सङ्ख्या) ५०।-
८. *अभिलेख-संग्रह* (१-१२ भाग)* २००।-
९. *पूर्णिमा* (१-११९ पूर्णाङ्क)* ३९९०।-
१०. *रत्नदीप* २।५०
११. *वृत्तशतक* ३।-
१२. *श्री ३ महाराज पद्मशमशेरका कुरा* १२।-
१३. *नेपालसंवत्‌को राष्ट्रिय मान्यताको अनौचित्य* ५।-
१४. *इनेप्ट्‌ स्पेसुइमिन् ?* २०।-
१५. *गोरखाको इतिहास* (१-४ भाग) ५००।-
१६. *हृद् डिङ् अंशुवर्मन् राइद् ?* ४०।-
१७. *पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा* ८०।-
१८. *आदर्श, ए सप्लिमन्ट् टु पूर्णिमा, द जरनल् अफ् द संशोधन-मण्डल* (१-२ सङ्ख्या) ५५०।-

---

* यिनका कुनै कुनै सङ्ख्या/पूर्णाङ्क फोटोकपीमा छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

के कैलासकूटवज ठीक पाठ हो

– महेशराज पन्त

वि.सं. २०१५ मा छापिएको आफ्नो नेपालको मध्यकालको इतिहासमा लूछयाह्लो पेतेकले मानगृह र कैलासकूटभवन भन्ने दरबार कहाँ थिए भन्ने विषयमा पनि कलम चलाएका छन् । कैलासकूटभवनको विषयमा लेख्दा उनले वीरपुस्तकालयमा रहेका २ वटा लेखोट पुस्तक अर्थात् *गीतगोविन्द* र *नवग्रहदशाविचार*का पुष्पिकाको पनि उद्धरण गरेका छन् । उनले रोमनमा दिएका पुष्पिकाको पाठ देवनागरीमा उतार्दा रूप यस्तो हुन्छ –

> सम्वत् ४६७ अश्विनि-कृष्ण-पञ्चम्यां तिथौ मृगशिर-नक्षत्रे । वरियान-योगे । शुक्र-वासरे । वदिनक्ताह्नं (?) गीतगोविन्द संपूर्णजराः ॥ श्री-यङ्गल-देशे श्री-कैलासकूट-वज-महापात्र श्री-उदयसिंहदेवस्यार्थेन । श्री-मानीगलक विक्रृच्छ (?) विजयरामेन लिखितमिति ।[1]
>
> (वीरपुस्तकालयको लेखोट पुस्तकको ४.४५ सङ्ख्याको *गीतगोविन्द*बाट)

> संवत् ४७३ द्विराषाढ-कृष्ण-तृतीयायान्-तिथौ शतवृष-नक्षत्रे शुभ-योगे शुक्र-वासरे । श्री-यङ्गलदेशे श्री-कैलासकुट-वज-महापात्र श्री-उदयसिंहदेवस्यार्थेन[2]
>
> (वीरपुस्तकालयको लेखोट पुस्तकको ४.२७ सङ्ख्याको *नवग्रहदशाविचार*बाट)

हरेक तिथिमितिको गणना गरी त्यसको प्रामाणिकता जाँच्ने लूछयाह्लो पेतेकले यी दुवै पुष्पिकाका तिथिमितिको पनि गणना गरेका छन् । पहिलो तिथिमितिको गणना उनले मिलाउन सकेनन् र यो तिथि ई.सं. १३४७ सेप्टेम्बर २५ तारीखसँग मिल्छ, तर न वार न नक्षत्र न योग मिल्छन् । त्यस दशाब्दीमा त्यो तिथिमिति ई.सं. १३४६ अक्टोबर ५ तारीख शुक्रवार वा ई.सं. १३४९ अक्टोबर २ तारीखसँग मात्र मिल्ने हुनाले ४६६ वा ४६९ हुनुपर्नेमा ४६७ लेखिनु गल्ती हो कि[3] भनी उनले चित्त बुझाएका छन् ।

जसको लागि यी २ पुस्तक सारिए, तिनको वंशको विषयमा लेखिएको शब्दको पाठ **श्रीकैलासकूट-वजमहापात्र** भएकोले यस समस्तपदमा परेको **वजलाई वंशजको छोटकरी रूप (यान् अब्रीभिएशन् फर् वंशज)**[4] भन्ने ठानी **कैलासकूटवजमहापात्र**को अर्थ लूछयाह्लो पेतेकले **कैलासकूटको वंशमा**

---

१. लूछयाह्लो पेतेक २०१५:२०० = १ सङ्ख्याको लिखत ।
यो पुष्पिका सबभन्दा पहिले भालेन्तिनि दे रिगो १९९६/९७:५९ मा छापिएको हो । यस पुष्पिकाको, भालेन्तिनि दे रिगोले पढेको पाठ मैले अझै देख्न पाएको छैन । लूछयाह्लो पेतेक २०१५:२०० = १ सङ्ख्याको टिप्पणी र बार्‌बरा स्टोलर मिलर २०३४:१७९ बाट यो कुरा मैले थाहा पाएको हुँ ।

२. लूछयाह्लो पेतेक २०१५:२०० = २ सङ्ख्याको लिखत ।

३. उही:२०० बाट मैले उल्था गरेको ।

४. उही:२०० ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जन्मेका महापात्र (द नोब्ल्म्यान् (*महापात्र*) डिसेन्ड्एन्ड्[५] फ्रम् द डिन्यास्टि अफ् कैलासकूट)[६] भनी गरेका छन् । यी दुवै पुष्पिकामा **श्रीकैलास**°भन्दा अगाडि **श्रीयङ्गलदेशे** भन्ने पद आएको छ । उनले **यङ्गल** भनेको **पाटन** हो भन्ने ठहऱ्याई लिच्छविकालको प्रसिद्ध दरबार पाटनमा थियो भन्ने निष्कर्ष निकालेका छन् ।[७]

लूछ्याह्वो पेतेकको यस खोजीबाट नेपालको पुरानो इतिहासको खोजी गर्नेहरूमा सनसनी फैलियो र यस विषयमा चर्चाविचर्चा चल्न थाल्यो ।[८] यसै सिलसिलामा आफ्नो धारणा भगवान्लाल इन्द्रजीको[९] जस्तै **कैलासकूट** भनेको **पशुपतिमन्दिरको ठीकपछाडिको डाँडो** हो भन्ने भएकोले डेभिड लुवेलिन स्नेल्ग्रोभले लूछ्याह्वो पेतेकको निष्कर्ष पचाउन त सकेनन्, उनले पढेको पाठमा चाहिँ टीकाटिप्पणी भने गरेनन् ।[१०]

वीरपुस्तकालयमा रहेका, साहित्य-काव्यविषयका लेखोट पुस्तकको सूचीपत्र छापिँदा यस *गीतगोविन्द*को पुष्पिका पनि त्यहाँ परेको छ । त्यहाँ लूछ्याह्वो पेतेकले पढे जस्तै यसको संवत्को अङ्क र महापात्रको विशेषणमा आएको शब्दको हिज्जे छापिएको छ ।[११]

डिल्लीरमण रेग्मीले महापात्रको प्रसङ्गमा *गीतगोविन्द*को यस पुस्तकको चर्चा गरेका छन् र यसको संवत् अरूहरूले जस्तै ४६७ नै दिएका छन् ।[१२]

वीरपुस्तकालयमा रहेका ज्यौतिषविषयका लेखोट पुस्तकको सूचीपत्र छापिँदा यस *नवग्रहदशाविचार*को पुष्पिका पनि त्यहाँ परेको छ । त्यहाँ तिथिमिति लूछ्याह्वो पेतेकले पढे जस्तै दिइए तापनि पेतेकको पाठमा र त्यस सूचीपत्रको पाठमा एउटा ठूलो अन्तर छ । त्यो के हो भने कहाँका, कसको लागि यो पुस्तक सारिएको हो भन्ने वाक्यांश नै त्यस सूचीपत्रमा परेको छैन र पुष्पिकाको पुछारमा हुने शुभं भने त्यहाँ आएकोले[१३] त्यसपछि केही पनि लेखिएकै छैन कि भन्ने छनक त्यताबाट पर्छ ।

यंगल र मानिगल वा मानिग्ललाई एउटै सहर संझनु पेतिकजीको भूल हुनामा सन्देह छैन भन्ने टिप्पणी गरेपछि *गीतगोविन्द*को पुष्पिकाको संवत्को लूछ्याह्वो पेतेकले पढेको पाठमा दशस्थानी अङ्क अर्कै हो कि

५. डिसेन्ड्इड् लेख्नुपर्नेमा भ्रमवश डिसेन्ड्एन्ड् लेखिएको छ ।
६. लूछ्याह्वो पेतेक २०१५:२०० ।
७. उही:२०० ।
८. डिल्लीरमण रेग्मी २०२६:२३८, डेभिड लुवेलिन स्नेल्ग्रोभ २०१७/१८:६, बाबुराम आचार्य २०२०:३०, मेअरी शेफर्ड स्लसर २०३९:११९-१२० ।
९. भगवान्लाल इन्द्रजी र गेओर्ग ब्यूलर १९३७:१७०, २३ सङ्ख्याको टिप्पणी ।
१०. डेभिड लुवेलिन स्नेल्ग्रोभ २०१७/१८:६, १ सङ्ख्याको टिप्पणी ।
११. वीरपुस्तकालय २०१८:६७ ।
१२. डिल्लीरमण रेग्मी २०२२:४९९ ।
१३. वीरपुस्तकालय २०१७:११४ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भनी बाबुराम आचार्यले शङ्का उठाउन खोजेका छन् । अनि यस पुष्पिकामा नाउँ काढिएका महापात्रको विशेषणसम्बन्धी समस्तपदमा आएको एउटा शब्द अर्थात् पेतेकले **कैलास** पढेकोको विषयमा र त्यसको अर्थको विषयमा पनि उनले यस्तो टिप्पणी गरेका छन् –

> **यसमा संवत्को संख्याको दशस्थानी अंक भ्रामक हुनाले ४८७ पनि पढ्न सकिन्छ। केलासकूटलाई कैलासकूट पढ्न पनि सकिन्छ।[१४] मेरा विचारमा केलासकूट 'वज'को पदच्छद[१५] गरी 'केलास, कूट वज' गरेर केलासलाई षष्ठ्यन्त पद मानेर कूट वज भने कुनै स्थानको विशेष्य नाम मानेमा अर्थ खुल्न सक्ला भन्ने लाग्दछ। तर यस विषयमा अधिक अन्वेषणको आवश्यक[१६] छ।[१७]**

*गीतगोविन्द*को सम्पादन र उल्था गर्ने प्रसङ्गमा बार्‌बरा स्टोलर मिलर *गीतगोविन्द*को यस पुस्तक पनि हेर्न पुगिन् र यसको संवत् ५६७ पढी उनले यसको पुष्पिका छपाई त्यही अङ्कलाई लूछ्याह्रो पेतेक र वीरपुस्तकालयको सूचीपत्रमा ४६७ पढेको कुराको खण्डन पनि गरिन् । जसको लागि *गीतगोविन्द* र *नवग्रहदशाविचार* सारिए, ती महापात्रलाई यक्ष मल्लको पालाका शक्तिशाली महापात्र उदयसिंहदेवसँग जोड्न सकेको भए पनि पेतेकबाट यो गल्ती हुँदैनथ्यो भनी उनले लेखेकी छिन् ।[१८]

बार्‌बरा स्टोलर मिलरको यस कामले गर्दा यस *गीतगोविन्द*को संवत् १०० वर्षपछाडि घचेडिन गएको छ तापनि **वज** शब्दले पारेको गाँठो भने फुकाउन उनले सकिनन् । अनि उत्तर-अमेरिकामा नेपालज्ञ भनी कहलाएका थीअदोर रिकार्दीकहाँ उनी यसको अर्थ गर्न पुगिन् । थीअदोर रिकार्दीले **वज** शब्द नेवारीको हो भनी उनलाई भने, त्यसको अर्थ भने गर्न सकेनन् । आखिरमा केही नलागी पेतेकले वजको जुन अर्थ गरे, त्यही अर्थ मैले कामचलाउ रूपमा स्वीकार गरेकी छु भनी उनी चित्त बुझाउन पुगिन् ।[१९]

प्रिन्स्टनबाट मेअरी शेफर्ड स्लसरको *नेपाल् मण्डल* निस्कनुभन्दा ५ वर्ष जतिअगाडि नू योर्कबाट बार्‌बरा स्टोलर मिलरको *गीतगोविन्द* छापिइसकेको थियो तापनि संस्कृतको स पनि नआउने स्लसरको आँखामा मिलरको *गीतगोविन्द* नपर्नु अस्वाभाविक थिएन र परिणामस्वरूप मिलरले गरेको संवत्को संशोधनको उनलाई पत्तै भएन । बाबुराम आचार्यले जस्तै **यङ्गल** र **मानिगललाई**

---

१४. मूलमा केलासकूटलाई कैलासकूट पढ्न पनि सकिन्छ भन्ने भए पनि केलासको ठाउँमा कैलास र कैलासको ठाउँमा केलास भन्ने बाबुराम आचार्यको अभिमत हो भन्ने कुरा प्रसङ्गबाट स्पष्ट हुन्छ । यो उल्टोपाल्टो मुद्राराक्षसको करामत हो भन्ने देखिन्छ ।

१५. पदच्छेद हुनुपर्ने ।

१६. कि अन्वेषणको आवश्यकता कि अन्वेषण आवश्यक हुनुपर्ने ।

१७. बाबुराम आचार्य २०२०:३० ।

१८. बार्‌बरा स्टोलर मिलर २०३४:१७९-१८० ।

१९. उही:१८० ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लूछ्याह्यो पेतेकले एउटै मानेको कुराको खण्डन मेअरी शेफर्ड स्लसरले गरेकी छिन् तापनि महापात्रको विशेषणको रूपमा आएको शब्दको, पेतेकले पढेको पाठमा भने शङ्का उठाएकी छैनन् । **मेरो गल्ती भएको छैन भने (इफ् आइ याम् नट् मिस्टेकअन्)**[२०] भनेर मात्र *वज*लाई ***वंशज***को **छोटकरी रूप** भनी पेतेकले मानेकोमा विशेषज्ञभन्दा अझ बढी निःशङ्क भएर बोल्छ भन्ने कुरा सम्झाउँदै ***वज* भनेको *वंशज*** हो (*वज*, ह्याट् इज्, *वंशज*)[२१] भनी ठोकेर भन्न स्लसर पुगेकी छिन् र *वंशज*को विकृत रूपसमेत भएको श्रीकैलासकूटवजले श्रीकैलासकूट भन्ने नाम भएको वंश र/वा श्रीकैलासकूट नाम भएको वासस्थानको (दि डिन्यास्टि बाइ नेम् श्रीकैलासकूटा[२२] यान्ड्/अर् अफ् द सीट् । बाइ[२३] नेम् श्रीकैलासकूट)[२४] भन्ने अर्थ बुझाउने देखिन्छ भनी उनले भनेकी छिन् । यसो गर्दा समस्तपदको पुछारमा रहेको जको अर्थ उनले क्वाप्पै खाइदिएको मात्र नभई त्यस पदको आफूले समुच्चयबोधक वा विकल्पबोधक अर्थको रूपमा राखेको अफ् (को) कहाँबाट आयो भन्ने खुलाउने जरूरत पनि उनले सम्झेकी छैनन् ।

लेखोट पुस्तकहरूको पुष्पिका एकै ठाउँमा समेट्ने क्रममा माथि चर्चा गरिएको, *गीतगोविन्द*को पुष्पिका पनि वीरपुस्तकालयको सूचीपत्रबाट सारी हरिराम जोशीले छपाएका छन् र कैलासकूटभवन यङ्गलदेशमा थियो भन्ने निष्कर्ष त्यसबाट निकालेका छन् ।[२५] मूल हेर्ने ल्याकत नभएका उनीबाट यतिभन्दा बढी काम हुन पनि कसरी सक्थ्यो ।

ताडपत्रका लिखतपत्रमा परेका अधिमासको विषयमा लेख्दा[२६] त्यस वेलासम्म प्रकाशमा नआएको, संवत् नष्ट भई तिथिमिति मात्र बाँकी रहेको एउटा लिखतपत्र पनि मैले छपाएको थिएँ ।[२७] त्यस लिखतपत्रमा यंगल क्वाठबहारका पात्र साक्षी बसेकाले यंगल क्वाठबहार कहाँ पर्छ भन्ने विषयमा पनि त्यहीँ केही लेखेको थिएँ ।[२८] काठमाडौँका पात्रहरूको विषयमा पनि मैले त्यहीँ अलि लामै लेखेको थिएँ ।[२९]

ने.सं. ४८४ को एउटा लिखतपत्र नेवारराज्यका ब्राह्मणहरूको चर्चाको प्रसङ्गमा मैले उहिल्यै

---

२०. लूछ्याह्यो पेतेक २०१५:२०० ।
२१. मेअरी शेफर्ड स्लसर २०३९:११९ ।
२२. श्रीकैलासकूट हुनुपर्ने. ।
२३. सीट्पछि यस्तो , चिह्न दिई सानो अक्षरमा बाइको बी हुनुपर्नेमा भ्रमवश वाक्य टुङ्गिएको बुझाउने थोप्ला दिई बाइदेखि अर्को वाक्य शुरू गरिएको छ ।
२४. मेअरी शेफर्ड स्लसर २०३९:११९ ।
२५. हरिराम जोशी २०४८:१४, २६३ सङ्ख्याको पुष्पिका ।
२६. महेशराज पन्त २०६१:१-५९, उही २०६१ क:१-६२, उही २०६१ ख:१-४५ ।
२७. उही २०६१ ख:२४-३२, ४५ ।
२८. उही:२५-२६, १५६ सङ्ख्याको टिप्पणी ।
२९. उही:२६-३२ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छपाएको हुँ ।[३०] नेवारराज्यका ब्राह्मणहरूको चर्चाको प्रसङ्गमा मैले त्यो पत्र छपाएकोले त्यस पत्रमा आएका अरूअरू कुराको विषयमा लेखेको थिइनँ र त्यसैले काठमाडौँका एकजना पात्रको सन्दर्भ त्यस पत्रमा आए तापनि त्यस विषयमा मैले केही लेखेको थिइनँ ।

वि.सं. २०५९ मा काठमाडौँका महापात्रहरूको इतिहासको चर्चा गर्दा ने.सं. ४८४ को त्यस लिखतपत्रको विषयमा देविचन्द्र श्रेष्ठले केही लेखेका थिएनन् ।[३१] पछि उनले त्यस लिखतपत्रको व्याख्या गर्ने कोशिश गरे[३२] तापनि त्यस विषयमा अझै धेरै काम गर्न बाँकी देखेकोले त्यो कुरा मैले काठमाडौँका पात्रहरूको विषयमा लेख्दा कोट्याएको थिएँ ।[३३]

लूछ्याह्गो पेतेकले छपाएको, यस *गीतगोविन्द*को पुष्पिकाको चर्चा त काठमाडौँका पात्रहरूको विषयमा लेख्दा मैले गरेको थिएँ, मूल पुस्तक वा माइक्रोफिल्मबाट मूल पुष्पिका हेर्ने कष्ट भने गरेको थिइनँ । तर पनि लूछ्याह्गो पेतेकले गरेको वजको अर्थ मेरो मनले त्यत्ति साह्रो नखाएकोले म यस्तो लेख्न पुगेँ –

> यहाँ **वज** शब्दले के बुझाएको हो, मलाई थाहा छैन । यो **वंशज**को छोटकरी रूप हो भनी लूछ्याह्गो पेतेक (२०१५:२००)ले लेखेका छन् । मेअरी शेफर्ड स्लसर (२०३९:११९)ले त्यही कुरा दोहोऱ्याएकी छिन् ।[३४]

माथि चर्चा गरिएको, ने.सं. ४८४ को लिखतपत्रलाई काठमाडौँमा महापात्रको अस्तित्व देखाउने पहिलो लिखत[३५] भनी मैले त्यही लेखमा लेखेको थिएँ र ने.सं. ४६७ मा सारिसिद्ध्याइएको भनी लूछ्याह्गो पेतेकहरूले मानेको, *गीतगोविन्द*को पुष्पिकामा आएको, यङ्गलदेशका महापात्रको पनि त्यही लेखमा अलि तल चर्चा गरेको थिएँ । यो *गीतगोविन्द* ने.सं. ४६७ को मात्रै हो भने मैले त्यही लेखमा चर्चा गरेको ने.सं. ४८४ को लिखतपत्रमा आएको महापात्रको चर्चा काठमाडौँमा महापात्रको अस्तित्व देखाउने पहिलो लिखत हुन सक्दैनथ्यो ।

यो मैले त्यस वेला विचार पुऱ्याउन सकिनँ र मेरो यो लेख छापिइसकेपछि देविचन्द्र श्रेष्ठले यतातिर मेरो दृष्टि तानिदिए । राष्ट्रिय अभिलेखालयमा रहेको, लूछ्याह्गो पेतेकले छापेको, *गीतगोविन्द*को पुष्पिकाको संवत्‌को अङ्क कुनै विदेशीले सम्पादन गरेको *गीतगोविन्द*मा अर्कै भएको कुराको सङ्केत पनि त्यसै प्रसङ्गमा उनले गरेका थिए ।

अनि मलाई बार्बरा स्टोलर मिलरले सम्पादन गरेको *गीतगोविन्द*को भ्वाट्ट सम्झना भयो ।

३०. उही २०५०:५१-५२ ।

३१. देविचन्द्र श्रेष्ठ २०५९ ।

३२. उही २०६१:३०-३२ ।

३३. महेशराज पन्त २०६१ ख:२६ ।

३४. उही:२६, १५६ सङ्ख्याको टिप्पणीको ९ उपटिप्पणी ।

३५. उही:२६, १५६ सङ्ख्याको टिप्पणी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

*गीतगोविन्द*को त्यो संस्करण वि.सं. २०४१ देखि नै मैले हेर्ने गरेको थिएँ । मैले आफ्नो एउटा पुस्तकमा त्यस संस्करणको उपयोग पनि गरेको हुँ ।[३६] तर पनि लूछ्याह्लो पेतेकहरूले ने.सं. ४६७ मा सारिएको भनी मानेको *गीतगोविन्द*को संवत् बार्बरा स्टोलर मिलरले अर्कै पढेको सम्झना काठमाडौँका महापात्रहरूको विषयमा लेख्दा मलाई भएन र देविचन्द्र श्रेष्ठले सङ्केत गरेपछि मात्र म त्यो पुस्तक पल्टाउन पुगेँ । त्यसपछि राष्ट्रिय अभिलेखालयमा गएर *गीतगोविन्द*को त्यस पुस्तकको माइक्रोफिल्म हेरियो ।

सबभन्दा पहिले त्यस *गीतगोविन्द*को, पुष्पिका भएको पृष्ठको फ्याक्सिमिलि[३७] यहाँ दिइन्छ –



---

३६. उही २०५७:३० र २९० ।

३७. राष्ट्रिय अभिलेखालयको लेखोट पुस्तकको ४.४५ सङ्ख्या
= नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या बी १८/९ ।
यो फ्याक्सिमिलि माइक्रोफिल्मबाट तयार गरिएको रीडर प्रिन्टको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अब त्यस पृष्ठबाट पुष्पिका जतिको पाठ देवनागरीमा उतारिन्छ –

१. इति गीतगोविन्द स-
२. माप्त ॥ ❁ ॥ श्रेयोऽस्तु ॥ स [३८]म्बत् ५६७ अश्वि ॥ ❁ [३९] णिकृष्णपञ्चम्या तिथौ
३. । मृगशिरनक्षत्रे । वरियानयो! [३८]गे । शुक्रवासरे: । थ्व दिन कोहुं गीतगोविन्द संपू-
४. ण्र्ण जुरो९ ॥ श्रीयंगलदेशे । श्रीके [३८]लास कुटुंवजमहापात्रश्रीउदयसिंहदेवस्यार्थे॥
५. न । श्रीमानीगल कोविछें विजयरामेन लिखितमिति ॥ ७ ॥ ९ ॥ शुभमस्तु सव्वंदा ॥

यताबाट संवत्को बार्बरा स्टोलर मिलरले पढेको पाठ ठीक देखियो र लूछ्याह्गो पेतेकले यस पुष्पिकाको तिथिमितिको गणना किन मिलाउन सकेनन् भन्ने कुराको रहस्य पनि खुल्न गयो । यति काम भए पनि बार्बरा स्टोलर मिलरले यस पुष्पिकासम्बन्धी सबै गाँठो भने फुकाउन नसकेको स्पष्ट देखियो । अर्थात् लूछ्याह्गो पेतेक र बार्बरा स्टोलर मिलरले एकमुखले **कैलासकूटवजमहापात्र** पढेकोमा हाम्रो पाठबाट जुन अक्षरलाई उनीहरूले **कै** पढेका थिए, त्यहाँ दोलखको अवकाश नै नभएको देखियो र बाबुराम आचार्यले सुझाएको पाठ ठीक देखियो । जुन अक्षरलाई उनीहरूले दीर्घ **कू** पढे त्यो अक्षर दीर्घ नभई ह्रस्व भएको र जुन अक्षरलाई उनीहरूले **ट** पढे त्यसमा लागेको अनुस्वार र तर्कुल्लेको खयालै नराखेको स्पष्ट देखियो । यसो हुनुमा मनमा जे फुऱ्यो, आफूले सार्न लागेको पुस्तकमा त्यही देखिने (मेन्टल् अशोसिएशन्)[४०] भनी जसलाई हामी ग्रन्थसम्पादनको सिद्धान्तमा भन्छौं, त्यसैको फल **कैलासकूटवज** हो भन्ने मैले ठानें ।

भाषा आएन भने पुरानो लिपिमा लेखिएको कुरा राम्ररी पढ्न सकिँदैन भन्ने कुराको उदाहरण लूछ्याह्गो पेतेकको **वदिनक्ताहुं (?) गीतगोविन्द संपूर्णजराः** भन्ने पाठ हो भनी भन्दा बढ्दा बोलेको नठहरिएला । यो **थ्व दिन कोहुं गीतगोविन्द संपूर्ण्ण जुरो९**को अपपाठ हो । यस अपपाठको धेरै सुधार वीरपुस्तकालयको साहित्य-काव्यविषयको सूचीपत्रमा भइसकेको थियो तापनि धेरैजसो पाश्चात्त्य विशेषज्ञ र तिनका पिछलग्गू हाम्रा भाइबन्धुहरू हाम्रो यतातिरबाट प्रकाश भएका कुराको त्यति महत्त्व नठान्ने भएकाले होला, यी शब्दको शुद्ध पाठको लागि बार्बरा स्टोलर मिलरले वीरपुस्तकालयको साहित्य-काव्यविषयको प्रकाशित सूचीपत्र पल्टाएर हेर्ने कष्ट गरिनन् र नेपालविशेषज्ञ भनी कहलाएका थीअदोर रिकार्दीलाई गुहार्न उनी पुगिन् । लूछ्याह्गो पेतेकको

---

३८. पुस्तक बाँध्नको लागि धागो छिराउन बनाइएको प्वालले दोस्रो, तेस्रो र चौथो पङ्क्तिको केही ठाउं ओगटेकोले यसको बीचमा ठाउं खाली छोडिएको छ ।

३९. यस बुट्टाले पहिलो र दोस्रो पङ्क्ति ओगटेको छ ।

४०. पुस्तक सार्दा हुन जाने यस्ता गल्तीको विषयमा महेशराज पन्त २०५७:१६४-१७३ = § १.८.१२ मा लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीमानीगलक विक्रच्छ (?) भन्ने पाठ वीरपुस्तकालयको त्यस सूचीपत्रमा श्रीमानीगलकोविछे[४१] भई सच्चिइसके तापनि त्यसको खयाल नराखी पेतेकले वि.सं. २०१५ मा विक्रच्छ पढेकोलाई मात्र विच्छ भनी थीअदोर रिकार्दीले पढिदिए । नेवारी लिपिमा छ र च्छ सामान्यतया नछुट्टिने हुनाले[४२] अर्थविचार नगर्ने हो भने वीरपुस्तकालयका पण्डितजीहरूले छे पढेको र थीअदोर रिकार्दीले च्छ पढेकोको माउ अक्षर उही हो । तर वीरपुस्तकालयको सो सूचीपत्रमा छापिएको पाठमा एकलख पढिए तापनि अनुस्वार छुटेको छ र थीअदोर रिकार्दीको पाठमा भने ती दुवै छुटेका छन् । विच्छ शब्द नेवारीको हो भनी बार्बरा स्टोलर मिलरलाई थीअदोर रिकार्दीले सुझाइदिएपछि त्यसैको आधारमा यो विच्छ शब्द संस्कृतको विद्वत्को तद्भव होला भनी म अडकल गर्छु भनी उनले आफ्नो लालबुझक्कडी देखाइदिइन् ।[४३]

बार्बरा स्टोलर मिलरलाई परेको एउटा भ्रमको पनि यसै प्रसङ्गमा निराकरण गर्नुपरेको छ । पूरा नाउँ दिँदा उदयसिंह मल्लवर्मा[४४] वा उदयसिंह वर्मा[४५] र छोटक़रीमा नाउँ काढ्दा उदय भारो[४६] भनिने, पाटनमा त्यसताकाका शक्तिशाली प्रधानमहापात्रसँग यी उदयसिंहदेवलाई यक्ष मल्लको पालाका शक्तिशाली महापात्र भनी यी दुवैंको नाउँ उस्तै उस्तै भएकोले भ्रमवश उनी जोड्न पुगेकी छिन् । उदय नाम भएका यी २ पात्रमध्ये एकजना पाटनका र अर्का काठमाडौंका हुन् भनी वेलिविस्तार लाइरहनु नपर्ला ।

अब वैकालसकूटवजको प्रसङ्ग आएको भनी लूछयाह्रो पेतेकले मानेको अर्को पुस्तक अर्थात् *नवग्रहदशाविचार*को पुष्पिकाको चर्चा गरौं । सबभन्दा पहिले पुष्पिका भएको पृष्ठको फ्याक्सिमिलि[४७] यहाँ दिइन्छ –

---

४१. वीरपुस्तकालयको सो सूचीपत्र छापिएको झण्डै अढाइ वर्षजति पछि बाबुराम आचार्यको लेख छापिएको हो तापनि त्यसको खयाल नराखी श्री मानीगल काविच्छ भन्ने पाठ त्यहाँ भएको कुरा पनि यस प्रसङ्गमा सम्झन योग्य छ ।

४२. यस विषयमा खुलाएर पछि लेख्ने मेरो विचार छ ।

४३. पुस्तक सार्ने कारिन्दाहरू मानीगलको कोबिछेंमा थिए भन्ने अर्को एउटा प्रमाणको लागि महेशराज पन्त २०५० क:४३ हेर्नू ।

४४. धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९:मूलभाग ४ ।
महेशराज पन्त २०३४:३०१-३०४ ।

४५. महेशराज पन्त २०५७ क:२७ = ३७ सङ्ख्या ।

४६. गोविन्द टण्डन २०५६:१३१-१३३ = ५ परिशिष्ट ।

४७. राष्ट्रिय अभिलेखालयको लेखोट पुस्तकको ४.२७ सङ्ख्या
= नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ए १०७४/१२ ।
यो फ्याक्सिमिलि माइक्रोफिल्मबाट तयार गरिएको रीडर प्रिन्टको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



अव त्यस पृष्ठबाट पुष्पिका जतिको पाठ देवनागरीमा उतारिन्छ –

३. इति नवग्र{

४. हाX[४८]दशा समाप्तः ॥ सम्बत् ४७३ द्विराषाढकृष्णतृतीयान्ति [४९]थौ ॥ शतवृषनक्षत्रे ॥ शुभयोगे । शुक्रवासरे ॥ इति दसा पठचतेतिः शुभ ।

वीरपुस्तकालयको ज्यौतिषको सूचीपत्रमा *नवग्रहदशाविचार*को पुष्पिकाको जति भाग छापिएको छ, त्यसभन्दा बढी भाग त्यहाँ नभएको यताबाट स्पष्ट हुन्छ । यस कारण शुक्रवासरेपछि लेखिएको, कहाँका कसको लागि यो पुस्तक सारियो भनी बुझाउने श्रीयङ्गलदेशे श्रीकैलासकुटवज-महापात्रश्रीउदयसिंहदेवस्यार्थेन भन्ने वाक्यांश यहाँ नभएको स्पष्ट देखिन्छ । शुक्रवासरेपछि लगत्तै इति दसा पठचतेतिः शुभ लेखिएकोले पुष्पिका यतिमै टुङ्गिएकोमा शङ्का भएन ।[५०] यस कारण सो पुष्पिकामा हुँदै नभएको अंश लूछ्याह्रो पेतेकको पुस्तकमा कसरी पऱ्यो, यो उदेकलाग्दो छ ।

---

४८. यस संयुक्ताक्षरलाई वीरपुस्तकालय (२०१७:११४)का पण्डितजीहरूले न्त पढेका छन् । यहाँनिर ताडपत्र अलि घोटिएकोले होला, अक्षर त्यति स्पष्ट छैन तापनि त्यही पृष्ठमा भएका अरूअरू न्तभन्दा यो संयुक्ताक्षर निकै फरक देखिन्छ । यो अक्षर हामीले पढ्न सकेका छैनौं ।

४९. पुस्तक बाँध्नको लागि धागो छिराउन बनाइएको प्वालले दोस्रो, तेस्रो र चौथो पङ्क्तिको केही ठाउँ ओगटेकोले यसको बीचमा ठाउँ खाली छोडिएको छ ।

५०. *नवग्रहदशाविचार*को आदिवाक्य र यो पुष्पिका पनि वीरपुस्तकालयको सूचीपत्रबाट सारी हरिराम जोशी (२०४८:१६, २६७ सङ्ख्याको पुष्पिका)ले छपाएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. २०२० मै बाबुराम आचार्यले यस्तो

> कैलाशकूट भवनको खोजी गर्दा उल्लेख गरिएका 'नवग्रहदशा विचार' नामक पुस्तकका अन्त्यमा यत्ति मात्र देखियो – 'इति नवग्रहदशान्तर्दशा समाप्तः। संवत् ४७३ द्विराषाढ कृष्ण तृतीयायां तिथौ शतवृष नक्षत्रे शुभयोगे शुक्र वासरे इति दशा पठ्य तेति शुभम्'।[५१]

लेखिसकेकाले लूछ्याह्वो पेतेकले यस विषयमा गरेको गल्तीको संशोधन त्यस वेलै भइसकेको थियो। तर डिल्लीरमण रेग्मीको आँखामा बाबुराम आचार्यको यो लेख नपरेकोले लूछ्याह्वो पेतेकले गरेकै गल्ती उनी दोहोऱ्याउन पुगेका छन्।[५२]

अव मूल पुस्तकमा नभएका शब्द लूछ्याह्वो पेतेक जस्ता गम्भीर विद्वान्ले कसरी मूल पुस्तकका भनी छपाए, त्यसको कारण खोज्ने कोशिश गर्नु पनि राम्रै होला। **यो पुस्तक खास गरी वि.सं. २०१३ को ग्रीष्म ऋतुमा म २ महीना नेपाल बसेको नतीजा हो**[५३] भनी आफ्नो नेपालको मध्यकालको इतिहासको पहिलो संस्करणको प्रस्तावना (प्रिफेस्)मा लूछ्याह्वो पेतेकले लेखेकाले उनले निकै थोरै समयमा प्रशस्त आकर जम्मा गर्नुपरेको थियो भन्ने स्पष्ट छ। यस कारण **श्रीकेलास कुटुंबजमहापात्रलाई श्रीकैलासकूटवजमहापात्र** पढी **कैलासकूटभवन** कहाँ थियो भन्ने कुराको गतिलो प्रमाण भेट्टाएँ भनी मख्ख परेका लूछ्याह्वो पेतेकको टिपोटमां *गीतगोविन्द*को र *नवग्रहदशाविचार*को पुष्पिकाका पाठ छ्यासमिस गरेर सारिएकाले *नवग्रहदशाविचार*मा हुँदै नभएका कुरा उनले छपाएको पुष्पिकामा पर्न गएको हो कि जस्तो लाग्छ। यस विषयमा बढी प्रकाश उनी आफैँले पार्न सक्लान्।

लूछ्याह्वो पेतेकले **कैलास** पढेकोमा त्यो **केलास** हुन सक्ने र त्यसलाई षष्ठचन्त पद मान्न सकिने विचार वावुराम आचार्यले वि.सं. २०२० मै व्यक्त गरिसकेको कुरा माथि उद्धरण गरिएका, उनका वाक्यवाट स्पष्ट हुन्छ। अर्को शब्दमा भन्ने हो भने उनले त्यो शब्द संस्कृतको नभई नेवारीको हुन सक्ने र त्यसको अर्थ **केलाको** भन्ने उनले देखेका थिए। यसबाट ऐतिहासिकहरूलाई अघि वढ्न सजिलो भयो र यो ठाउँ पत्ता लाउने चासो बढ्न गयो।[५४]

यतिसम्मका कुराको सार ४७ वर्षअघिदेखि पहेली भएर रहेको **कैलासकूटवज**को गाँठो फुक्न जानु हो।

---

५१. बाबुराम आचार्य २०२०:३०।

५२. डिल्लीरमण रेग्मी २०२६:२३८।

५३. लूछ्याह्वो पेतेक २०१५:उठानको ७ पृष्ठबाट मैले उल्था गरेको।

५४. उदाहरणको लागि मेअरी शेफर्ड स्लसर २०३९:१२० हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका पुस्तक र लेखकको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका*

गोविन्द टण्डन २०५६

= वि.सं. २०५६ मा काठमाडौंबाट झरेन्द्र शम्शेर ज.ब.रा. र मञ्जु राणाद्वारा प्रकाशित, गोविन्द टण्डनको *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन* २ भाग ।

डिल्लीरमण रेग्मी २०२२

= ई.सं. १९६५ (वि.सं. २०२२)[1] मा कलकत्ताबाट फर्मा के.एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इइभल् नेपाल्* (मध्यकालको नेपाल) १ भाग ।

डिल्लीरमण रेग्मी २०२६

= ई.सं. १९६९ (वि.सं. २०२६) मा कलकत्ताबाट फर्मा के.एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *एन्शन्ट् नेपाल्* (प्राचीन नेपाल) ३ संस्करण ।

डेभिड लुवेलिन स्नेल्ग्रोभ २०१७/१८

= ई.सं. १९६१ (वि.सं. २०१७/१८) मा प्रकाशित *आर्स् आजिआतिकं* (एशियाका कला) ८ वर्ष १ अङ्कका ३-१० र ८ वर्ष २ अङ्कका ९३-१२० पृष्ठमा छापिएको, डेभिड लुवेलिन स्नेल्ग्रोभको *श्राइन्ज् यान्ड् टेम्पल्ज् अफ् नेपाल्* (नेपालका देवायतन र मन्दिर) ।

देविचन्द्र श्रेष्ठ २०५९

= वि.स. २०५९ मा काठमाडौंबाट आर्थिक नेपालद्वारा प्रकाशित, देविचन्द्र श्रेष्ठको *रत्न मल्ल र उनको समकालिक नेपाल मण्डल [ने.स. ६०२-६४०]* ।

देविचन्द्र श्रेष्ठ २०६१

= ने.स. ११२४ (वि.स. २०६१) मा काठमाडौंबाट नेपाल लिपि गुथिद्वारा प्रकाशित *पौभा:* (पट) ५५ अङ्कका ३०-३२ पृष्ठमा छापिएको, देविचन्द्र श्रेष्ठको *यें-यलय् महापात्रतयगु सामन्त शासन* (काठमाडौं-पाटनमा महापात्रहरूको सामन्तशासन) ।

धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९

= वि.स. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित: धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *इतिहास-संशोधनको प्रमाण-प्रमेय* ।

---

* कुनै कृतिमा रचयिताको नाम नदिइएको हकमा कृतिको शीर्षक वर्णक्रमअनुसार राखिएको छ ।

1 त्यहाँ पुस्तक छापिएको मिति ई.सं. १९६५ दिइए तापनि वि.स. २०२३ को बर्खामा मात्र यो बजारमा आएको हो ।*

2 यस नाउँको उच्चारण हलन्त नगरी अजन्त गर्नुपर्छ ।

---

* *भाषा वक्तव्य २०२३।०१* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वाबुराम आचार्य २०२०

= वि.सं. २०२० मा ललितपुरबाट मदनपुरस्कारगुठीद्वारा प्रकाशित *नेपाली (त्रैमासिक)* १६ पूर्णाङ्कका ३-३१ पृष्ठमा छापिएको, वाबुराम आचार्यको *लिच्छवी*[३] *कालका शिलालेखमा किरातकालको झलक – देवपाटन, भादगाउँ, पाटन र काठमाडौंका किरात नाम* ।

वार्वरा स्टोलर मिलर २०३४

= ई.सं. १९७७ (वि.सं. २०३४) मा नू योर्कबाट कोलम्विअ यूनिभरसिटि प्रेसद्वारा प्रकाशित,[४] बार्बरा स्टोलर मिलरको *गीतगोविन्द अफ् जयदेव : लभ् सङ् अफ् द डार्क् लर्ड्* (जयदेवको *गीतगोविन्द*- कृष्णजीको प्रणयगीत) ।

भगवान्लाल इन्द्रजी र गेओर्ग व्यूलर १९३७

= ई.सं. १८८० (वि.सं. १९३७) मा बम्वईबाट प्रकाशित *दि इन्डिअन् यान्टिक्वरि* (भारतीय प्रत्नतत्त्व) ९ वर्षका १६३-१९४ पृष्ठमा छापिएको, भगवान्लाल इन्द्रजी र गेओर्ग ब्यूलरको *इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल्* (नेपालका अभिलेख) ।

भालेन्तिनि दे रिगो १९९६/९७

= ई.सं. १९४० (वि.सं. १९९६/९७) मा प्रकाशित *रेभिस्ता देल्यी स्तुदि ओर्येन्तालि* (प्राच्यविद्याको परिशीलनसम्बन्धी पत्रिका) १८ वर्षका ५९-९० पृष्ठमा छापिएको, भालेन्तिनि दे रिगोको *उन् आन्तिको कोदिचे इन्एदितो देल् गीतगोविन्द* (*गीतगोविन्द*को, अहिलेसम्म सम्पादन नभएको, एउटा पुरानो लेखोट पुस्तक) ।

महेशराज पन्त २०३४

= वि.सं. २०३४ मा प्रकाशित *पूर्णिमा* ३६ पूर्णाङ्कका २९४-३०८ पृष्ठमा छापिएको, महेशराज पन्तको *चाडबाड जात्रामात्रामा खेलाइएका, नेपालमा बनाइएका केही संस्कृत नाटक* ।

महेशराज पन्त २०५०

= वि.सं. २०५० मा प्रकाशित *पूर्णिमा* ८४ पूर्णाङ्कका ४९-६२ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण*।

महेशराज पन्त २०५० क

= वि.सं. २०५० मा प्रकाशित *पूर्णिमा* ८५ पूर्णाङ्कका ४२-४३ पृष्ठमा छापिएको, महेशराज पन्तको *ज्योतिर् मल्लको पालामा वि.सं. १४७२ मा सारिएको हितोपदेशको पुष्पिका* ।

महेशराज पन्त २०५७

= ई.सं. २००० (वि.सं. २०५७) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, महेशराज पन्तको *जातरूप'ज् कमेन्टरि अन् दि अमरकोष* (*अमरकोष*मा जातरूपको टीका) १ भाग ।

महेशराज पन्त २०५७ क

= वि.सं २०५७ मा प्रकाशित *पूर्णिमा* १०० पूर्णाङ्कका १-३७ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, वि.सं. १४८७ देखि १५१२ सम्मका, अहिलेसम्म प्रकाशमा नआएका, ५२ वटा लिखतपत्र* ।

महेशराज पन्त २०६१

= वि.सं २०६१ मा प्रकाशित *पूर्णिमा* ११४ पूर्णाङ्कका १-५९ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रका लिखतपत्रमा अधिमास* ।

---

३ यस्तै छ ।

४. दिल्लीबाट ई.सं. १९८४ (वि.सं. २०४०/४१) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा फोटोस्टचाट गरी छापिएको संस्करणको उपयोग हामीले गरेका हौं ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्त २०६१ क

= वि.सं. २०६१ मा प्रकाशित *पूर्णिमा* ११५ पूर्णाङ्कका १-६२ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रका लिखतपत्रमा अधिमास* ।

महेशराज पन्त २०६१ ख

= वि.सं. २०६१ मा प्रकाशित *पूर्णिमा* ११६ पूर्णाङ्कका १-४५ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रका लिखतपत्रमा अधिमास* ।

मेअरी शेफर्ड स्लसर २०३९

= ई.सं. १९८२ (वि.सं. २०३९) मा प्रिन्स्टनबाट प्रिन्स्टन यूनिभर्‌सिटि प्रेसद्वारा प्रकाशित, मेअरी शेफर्ड स्लसरको *नेपाल् मण्डल: ए कल्चरल् स्टड्इ अफ् द काठ्मान्डू भ्याल्इ* (नेपालमण्डल – काठमाडौँदूनको संस्कृतिको परिशीलन) १ भाग ।

लूछ्याह्नो पेतेक २०१५

= ई.सं. १९५८ (वि.सं. २०१५) मा रोमबाट ईसतीतूतो ईताह्लयाह्नो पेर ईल मेद्यो एद एस्त्रेमो ओर्‌येन्तेद्वारा प्रकाशित, लूछ्याह्नो पेतेकको *मेड्इईभल् हिस्टरि अफ् नेपाल् (सी. ७५०-१४८०)* (नेपालको मध्यकालको इतिहास (अन्दाजि वि.सं. ८०७-१५३७)) ।

वीरपुस्तकालय २०१७

= वि.सं. २०१७ मा काठमाडौँबाट वीरपुस्तकालयद्वारा प्रकाशित तथा सम्पादित *नेपालराजकीय–वीरपुस्तकालयस्थहस्तलिखित-पुस्तकानाम् बृहत्सूचीपत्रम्* (नेपाल राजकीय वीरपुस्तकालयमा रहेका लेखोट पुस्तकको ठूलो सूचीपत्र) १ भाग ।

वीरपुस्तकालय २०१८

= वि.सं. २०१८ मा काठमाडौँबाट वीरपुस्तकालयद्वारा प्रकाशित तथा सम्पादित *नेपालराजकीय–वीरपुस्तकालयस्थहस्तलिखित-पुस्तकानाम् बृहत्सूचीपत्रम्* २ भाग ।

हरिराम जोशी २०४८

= ई.सं. १९९२ (वि.सं. २०४८) मा ललितपुरबाट दीपकराम जोशीद्वारा प्रकाशित *रोलम्ब* १२ वर्ष १ अङ्कको अङ्ग्रेजी खण्डका १३-१६ पृष्ठमा छापिएको, हरिराम जोशीको *मेड्इईभल् कल्ओफोन्ज्* (मध्यकालका पुष्पिका) ।

हाम्रो वक्तव्य २०२३

= वि.सं. २०२३ मा प्रकाशित *पूर्णिमा* ११ पूर्णाङ्कका १०१-११८ पृष्ठमा छापिएको *हाम्रो वक्तव्य – श्रीडिल्लीरमण रेग्मीज्यूको छटेलपन* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यक्ष मल्लको पालाका ३ वटा शिलालेख

– महेशराज पन्त

यहाँ प्रकाश गरिन लागेका ३ वटा शिलालेखमध्ये पहिलो यक्ष मल्लको पालामा उनका प्रजाले राखेको, दोस्रो उनी आफैँले राखेको र तेस्रोचाहिँ उनको नाउँ नलिई राखिएको हो । यी सबै शिलालेख पहिल्यै छापिइसकेका भए पनि यहाँ हामीले दिएको पाठ आफ्नो बुद्धिले भ्याएसम्म सच्याएका छौँ र हामीले पढेको पाठ मूलसँग दाँजेर हेर्न सजिलो होओस् भनी यी तीनवटै शिलालेखका फ्याक्सिमिलि पनि यहाँ दिएका छौँ ।

१ सङ्ख्या

पाटन बालकुमारी ससुखेलको, ने.सं. ५६७ (वि.सं. १५०४) ज्येष्ठशुक्लप्रतिपदा (ज्येष्ठ १९ गते)[1] सोमवार रोहिणीउप्रान्त मृगशिरानक्षत्र धृतियोग सूर्य र चन्द्र वृषराशिमा भएको दिनको शिलालेख

कहाँ छापिएको –

धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९:मूलभाग ५ (५ पङ्क्तिदेखि १२ पङ्क्तिको °स्थापना ॥ सम्म) ।

शङ्करमान राजवंशी २०२२:१६ = यक्ष मल्लको १७ सङ्ख्याको लिखत (५ पङ्क्तिदेखि १२ पङ्क्तिको °स्थापना ॥[2] सम्म) ।

डिल्लीरमण रेग्मी २०२२:४३३ = यक्ष मल्लको ३१ सङ्ख्याको लिखत (१४ पङ्क्तिको ५६७ देखि १७ पङ्क्तिको **चंद्रमसि**[3]-सम्म) ।

डिल्लीरमण रेग्मी २०२३:१ खण्ड ६७-६८ = ५९ सङ्ख्या (पूरै) ।

लूछ्याह्गो पेतेक २०४०:१७१ = यक्ष मल्लको १८ सङ्ख्याको लिखत (५ पङ्क्तिको **श्रीयक्ष**°देखि **पालितेसम्म**, ६ पङ्क्तिको **त्रिभिः**देखि ११ पङ्क्तिको **रवौसम्म**, १४ पङ्क्तिको **श्रीनेपालिक**°देखि १७ पङ्क्तिको **चंद्रमसिसम्म**) ।

रुक्मिणी प्रधान (वन्त) २०६१:९७-९८ = परिशिष्टको ३ सङ्ख्या (पूरै) ।

यस शिलापत्रको छेउमा वरिपरि बुट्टा कुँदिएको छ । त्यसपछि एउटा घेराले पूरै शिलापत्र घेरिएको छ । अनि वरिपरि थोप्ला छन् । त्यसपछि फेरि अर्को घेरा छ ।

यस शिलापत्रको सिरानमा दायाँ छेउमा फूलको बुट्टा कुँदिएको छ । त्यसको मुनि सिह्नःमू (सिन्दूर राख्ने बट्टा) छ । अनि फूलको अर्को बुट्टा जस्तो देखिन्छ । बायाँ छेउमा फूलको बुट्टा छ । त्यसपछि केही ठाउँ खाली छोडिएको छ । अनि फूलको अर्को बुट्टा तलतिर फर्काएर कुँदिएको जस्तो देखिन्छ । बीचमा तोरणसहितको खड्ग छ । त्यो खड्ग चरामाथि अडेको छ, त्यो हाँस हुनुपर्छ । त्यसमुनि कमल छ । कमलमुनि शिलापत्रको छेउको बुट्टालाई समेत छुवाएर लामो तेर्सो धर्को कुँदिएको छ । त्यसपछि थोप्ला छन् । त्यसपछि अर्को त्यस्तै तेर्सो धर्को छ । अनि केही ठाउँ छोडेर लेख शुरू हुन्छ ।

---

१. शङ्करमान राजवंशी २०२२:१६ ।

२. शङ्करमान राजवंशीको पाठमा मूलमा भएको दंण्ड सबै ठाउँमा छोडिएको छ ।

३. डिल्लीरमण रेग्मीको पाठमा चन्द्रमसि छ । कहाँ छापिएको भन्ने प्रसङ्गमा यस्ता अन्तरको खयाल आइन्दा राखिनेछैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस शिलालेखसँग हाल सँगै राखिएको शिवलिङ्गले यसलेखको ९ पङ्क्तिदेखिका वायाँपट्टिका केही अक्षर छोपिएका छन् । मिहिनेत गर्दा मूलबाट ती सबै अक्षर पढ्न सकिन्छन् तापनि फोटोमा वा रबिङ (छापा)मा भने जम्मै अक्षर आएका छैनन् ।

यस शिलालेखको फोटो र रबिङ मिलाएर तयार गरिएको फ्याक्सिमिलि तल २० पृष्ठमा छ ।

मूलपाठ

१. ૨ ॐ नमः श्रीसारदायै ॥

या शक्तिः परमेष्ठिनो मधुरिपो

२. : शंभो[४]स्त्रिसंध्यासु च ,

स्याद्बालायुवतीजरात्रिगुणगा पद्मास-

३. नस्था यया ।

सज्जाप्यावलिपुस्तकाभयवरा दोर्भिश्चतुर्भिर्द्धृ-

४. ता

सा देवी जगतां प्रसूरवतु वः श्रीसारदा नित्यशः ॥

५. श्रीयक्षमल्लो भूपोऽस्ति नेपाले तेन पालिते ।

स्थापिता

६. सारदादेवी ललितापुरप्राग्दिशि ॥

त्रिभिः प्रधानैः पा-

७. त्रैश्च पालितो ललितापुरः ।

श्रीमान्मणिकुमारोऽत्र▦[५] .

८. भाति सप्तकुटुंबकैः ॥

संवद्धूधरषण्महेशवदनेऽती-

९. ते च नेपालिके

ज्येष्ठे शुक्लहुताशनाख्यतिथिके वारे

१०. हिमांशोः शुभे ।

राक्षे सन्मृगशीर्षके वरधृतौ यो▦

११. गे वृषस्थे रवौ ,

---

४. यहाँनिर शिलालेख फुटेकोले भोको लखकानोको कान्नानी देखिँदैन ।

५. पङ्क्तिको अन्त्यमा आउने अरू चिह्नको लागि महेशराज पन्त २०५७.७८ = § १.३.२.५.४-६ हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लोकैर्व्विंशतिभिः कृता मखवरे श्री-
१२. सारदास्थापना ॥
तदारभ्य सरस्वत्याः पादयुगमश-
१३. रोरुहः ।
प्रणमंति जनाः सर्व्वे विद्यां च प्राप्तुकामया ॥
१४. स्वस्ति श्रीनेपालिकसंवत् ५६७ ज्येष्ठशुक्लप्रतिप▩
१५. द्यां तिथौ ॥ रोहिणी घटि २३ परमृगशिरनक्षत्रे ॥ धृति-
१६. योगे ॥ सोमवासरे ॥ वृषराशिगते सवितरि ॥ तदे-
१७. व राशिगते चंद्रमसि ॥ तद्दिने श्रीश्रीसरस्वतीस्थाप-
१८. ना प्रतिष्ठा कृता ॥ दानपतिभिर्व्विंशतिभिर्मूल-
१९. नायक बुदा तेज भुकू ، गोराम ، विसिनी ، लुंत ، शिरा-
२०. म मधनजु ، पंडु ، जयत ، लुंत ، जगता ، पंडु ، चंद ، ते-
२१. जो ज्यंतराम ، जोती जीतराज ، स्वंधुवा भारो मीति
२२. : स्थापना कृता आचार्यण लुंतराजेन प्रतिस्थिता क-
२३. र्म्मकारेण जिवापुण्येन जयतेन च कृतेति ॥
अनेन
२४. लब्धपुण्येन लोकाः संतु गुणोदयाः ।
धर्म्मे तिष्ठं-
२५. तु राजानः काले वर्षंतु वारिदाः ॥
शुभं सर्व्वदाः ।

२ सङ्ख्या

भक्तपुरदरबारको मूलढोकाको, ने.सं. ५७३ (वि.सं. १५१०) श्रावणपूर्णिमा शुक्रवार श्रवणनक्षत्र आयुष्मान्योगको दिनको शिलालेख[6]

कहाँ छापिएको –
नरहरिनाथ २०१२:५९-६० (पूरै) ।

६. लूछयाह्लो पेतेक २०१५:१६३ मा र २०४०:१७३ मा र डिल्लीरमण रेग्मी २०२२:४२९ मा र २०२३:१ खण्ड ७३ मा यसलाई भ्रमवश ताम्रपत्र भनिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लूछ्याह्वो पेतेक २०१५:१६३ = यक्ष मल्लको १४ सङ्ख्याको लिखत (३६ पङ्क्तिको सम्वत्‌देखि ३७ पङ्क्तिको ठाकुरस्यंसम्म) ।
शङ्करमान राजवंशी २०२०:८ = १६ सङ्ख्या (४ पङ्क्तिको नेपाल°देखि ९ पङ्क्तिको वित्तैर्व्ययैः ॥ सम्म र १२ पङ्क्तिको तस्मिन्नेपालिकाब्देदेखि १५ पङ्क्तिसम्म) ।
धनवज्र वज्राचार्य २०२१:२३-२४ (पूरै) ।
डिल्लीरमण रेग्मी २०२२:४२९ = यक्ष मल्लको १४ सङ्ख्याको लिखत (३६ पङ्क्तिको ५७३ देखि शुक्रवासरेसम्म) ।
शङ्करमान राजवंशी २०२३:१० = यक्ष मल्लको २५ सङ्ख्याको लिखत (१६ पङ्क्तिको श्रीश्री°देखि २० पङ्क्तिको जुरो■सम्म, २१ पङ्क्तिको श्रीश्री°देखि २२ पङ्क्तिको समस्तस्यंवुंसम्म, ३१-३२ पङ्क्तिको चिंता यायमाल जुरो■ र ३६ पङ्क्तिको उठानदेखि ३७ पङ्क्तिको दिवस ॥ सम्म) ।
डिल्लीरमण रेग्मी २०२३:१ खण्ड ७३-७६ मा छापिएको ६४ सङ्ख्याको अभिलेख (पूरै) ।
लूछ्याह्वो पेतेक २०४०:१७३ = यक्ष मल्लको २८ सङ्ख्याको लिखत (३६ पङ्क्तिको सम्वत्‌देखि ३७ पङ्क्तिको ठाकुरस्यंसम्म) ।
काशीनाथ तमोट २०५८:१३-१४ (पूरै) ।
तुलसीराम वैद्य र पुरुषोत्तम लोचन श्रेष्ठ २०५९:१५९-१६० = ७ सङ्ख्या (पूरै) ।

यस शिलालेखको संस्कृत खण्डमा भन्दा नेवारी खण्डमा अक्षरको आकार सानो छ ।

यस शिलालेखको फोटोको फ्याक्सिमिलि तल २१ पृष्ठमा छ ।

मूलपाठ

१. ᳵ ॐ नमो वसुन्धरायै ॥
विष्णोर्ब्बाहुलताक्रफोणिशिखरेणोद्धारिता मे-
२. दिनी
गंगाद्या सरिताम्बरैव रुचिरालंकारिता स्थावणी ।
नानाद्र-
३. व्यमयप्रगुप्तकरणासन्यासलग्नाहिती ।
त्वां नौमीह वसुन्धरे वर-
४. णशालं रक्ष तं सर्व्वदा ॥
नेपालभूमण्डलचक्रवर्त्तिना । उपांगच-
५. क्रामलकीर्त्तिकेतुना ।
श्रीयक्षमल्लप्रभुना सुविस्तरं । भक्तापुरीप्रावर-
६. णं चकार तत् ॥
ब्रह्मक्षत्रियवैश्यशूद्रकजनैरट्टं नवं निर्म्मितं ।
पाषा-
७. णं बहुकाष्ठभाररचितं चादाय सर्व्वैर्ज्जनैः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

द्वारे कोटसमन्वितं दि-
८. शि दिशि प्राकारतुंगोत्तमं ,
कुर्व्वंति स्म सखातकीमतिमहाकष्टै-
९. श्च वित्तैर्व्ययैः ॥
दुर्गप्राकारभागे ह्यपहरति कदा संस्थितं दिग्वि-
१०. दिक्षु ,
पाषाणं काष्ठलोष्ठं तदिह विनिहितं कश्चिदट्टं तदेकट् ।
पापी-
११. यान् ब्रह्महंता शिशुवध कृतवान् सोपि गोघ्नः पुमान् वै ,
एवं संरक्षत-
१२. व्यं नगर नरवरैर्भूपतेः शासनं हि ॥
तस्मिन्नेपालिकाब्दे त्रिमुनिहर-
१३. मुखे श्रावणे पूर्णमाश्या-
मायुष्मान्योगयुक्ते भृगुसुतदिवसे ऋक्ष-
१४. नारायणाख्ये ।
प्राकारं द्वारकोटं नगरपरिवृतारम्भकालं करो-
१५. ति ,
श्रीमद्भक्तापुरे श्रीनृपमकुटमणिर्यक्षमल्लो नृपेन्द्रः ॥ ॥

१६. शुभ ॥ श्रीश्रीजययक्ष मल्लदेव , प्रभु ठाकुरस , विजयराजस , श्रीख्वप्वंस , खारनो ग-

१७. ड प्राकारनो , लंक्वाठनो , दयका जुरो । थ्व गड दयके निमितिन , ख्वप्वंस बसरपो

१८. लोकस्यं अनेक कष्ट नस्यं , वितनवुं , उपेखरपं , दयका गड जुरो । ब्रह्म क्षत्रि , वै-

१९. श्य , शूद्र , चतुर्व्वर्ण्ण आदिन , एक चित याङन , शिंकु , अटकु , चाकु , थमथम बुस्यं , शरीर

२०. कष्टरपं , दयकं तया थ्व गड जुरो । अवनलि , खारनो प्राकारनो , लंक्वाठनो , थ्वते , थव

२१. छें पयिन मयाक्वनवुं , पयिन याङ येंनेमाल जुरो । श्रीश्रीप्रभु ठाकुरस्यंनो , प्रदि-

२२. क प्रधाननतो , प्रजा पाखननो , ख्वपं देशश , बसरपको , समस्तस्यंवुं , भाडन थं , थंथु-

२३. लं , कोथुलं , थवथवस भुंस , चोंग्व क्वाठयातं , थमथम खागां ह्लास्यं सो खायेमाल , सो

२४. मबिव द्वालें , सोथु प्रति कुडछि धारे के काये , क्वाठप्वलोड चिचकवह्मंन , सल खि , चा

२५. तान जोंङन , सिठिंन ह्ङा , क्वाठनायकन निदानन , लांक्वाठ प्वलोड , चिर मवकाले , सिठि

२६. सांति , क्वाठनायकयाके काये , जिमने दाम १२ थवथव दिशन , प्वलोड हिलेमालओ[7]-

७. यस अक्षरको डिको सोझो भएकोले एकलख कुंदन बिर्सिएको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२७. स ৲ क्वाठनायकन हिले ৲ गड प्राकार यासे पोये दिन ৲ महालक्ष्मीधर्म्मविसर्ज्जन को-

२८. ह्नु ৲ ख्वप्वं देशश बसरपको समस्तस्यंवु ৲ खारडयाङिस ৲ सडं ৲ मेस ৲ सा ৲ फा ৲ थ्वतेस्यंवु ৲ ह्नो-

२९. यके मटेव ৲ ह्नोस्यं स्यंकालें ৲ मोंडि दम्मछि १ धारे ৲ स्यंनकवयाके ৲ राजन काये जुरों

३०. खार दंग्व स्यंग्व सोस्यं ৲ पाठिगामन यियके ৲ ज्या याचके ৲ प्राकारनो ৲ लंक्वाठनो स्यं-

३१. काले ৲ थम डंङा भुं ৲ थमथमवुं ज्या याचके ৲ थं छोयकं तकोस्यं ৲ चिंता याय‌माल जु-

३२. रो▪ गड प्राकारनो ৲ लंक्वाठनो ৲ आराधरपं पिस्यं स्यंनकव द्वाकाले ৲ गोहथ्या ৲ ब्र-

३३. ह्महथ्या ৲ त्रीहथ्या ৲ आदिन ৲ पंचमहापातंक लाक्व जुरो▪ स्यंनकवह्नंयाकेवुं ৲ राज-

३४. न काये दम्म गु ९ गड प्राकारयानो▪ लंक्वाठयानो ৲ अट ৲ ल्वह्नं ৲ सिंका कालं अट

३५. पा प्रति ৲ ल्वह्नं ग्वड प्रति ৲ सिं द्वाक प्रति ৲ दम्मछि १ धारे राजन काये जुरो▪ ॥ श्रेयोस्तु

३६. सम्बत् ५७३ श्रावणशुक्लपूर्ण्णमाश्यां ৲ श्रवणनक्षत्रे आयुष्मान्योगे ৲ शुक्रवासरे ৲ श्रीश्री-

३७. जययक्ष मल्लदेव प्रभु ठाकुरस्यं ৲ प्राकार आदिन ৲ गड आरंभ याङा दिवस ॥ शुभः ॥ ▪ ॥

३ सङ्ख्या

भक्तपुर सिद्धपोखरीको चन्द्रमूर्तिको ने.सं. ५८९ (वि.सं. १५२६) वैशाखपूर्णिमा मङ्गलवार स्वातिनक्षत्र वरीयान्योग सूर्य मेषराशिमा र चन्द्र तुलाराशिमा भएको दिनको शिलालेख

कहाँ छापिएको –

पुरुषोत्तम लोचन श्रेष्ठ २०५४:१९-२० (पूरै) ।

यस शिलालेखको रबिङ (छापा)को फ्याक्सिमिलि तल २२ पृष्ठमा छ ।

मूलपाठ

१. १ सम्बत ५८९ वैशाखशुक्लपूर्ण्णमा-

२. स्यां स्वालिनक्षत्र व्रियानजोगे अंगा-

३. रवासरे यथाकर्ण्णमुहुर्त्ते मेषराशि-

४. गते शवितरि तुलराशिगते चंद्रमशि

५. विप्र श्रीओयजुस पमुख वतीसमुच-

६. यो पूण्णमीव्रतप्रतिष्ठा [कृत शुभमस्तु ॥][८]

---

८. संशोधन-मण्डलको सङ्ग्रहमा रहेको रबिङमा कोष्ठभित्र पढिएका अक्षरका माथिल्ला भागका केही अंश मात्र देखिन्छन् । कोष्ठभित्र राखिएको पाठ पुरुषोत्तम लोचन श्रेष्ठको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ सङ्ख्याको शिलालेखको फोटो र रबिङ मिलाएर तयार गरिएको फ्याक्सिमिलि

यसको पाठ माथि १५-१६ पृष्ठमा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

२ सङ्ख्याको शिलालेखको फोटोको फ्याक्सिमिलि

यसको पाठ माथि १७–१९ पृष्ठमा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

३ सङ्ख्याको शिलालेखको रबिङ संशोधन-मण्डलको सङ्ग्रहमा छ । त्यही रबिङको फ्याक्सिमिलि यो हो ।

यसको पाठ माथि १९ पृष्ठमा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

यी शिलालेख सम्पादन गर्दा काम लिइएका पुस्तक र लेखको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका

काशीनाथ तमोट २०५८

= ने.सं. ११२१ (वि.सं. २०५८) मा काठमाडौँबाट मञ्जु पिथँद्वारा प्रकाशित, काशीनाथ तमोटको *पुलांगु नेपालभाषा वाङ्मय-मुना* (पुरानो नेवारी वाङ्मयको सङ्ग्रह)।

डिल्लीरमण रेग्मी २०२२

= ई.सं. १९६५ (वि.सं. २०२२)[1] मा कलकत्ताबाट फर्मा के.एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभल् नेपाल्* (मध्यकालको नेपाल) १ भाग।

डिल्लीरमण रेग्मी २०२३

= ई.सं. १९६६ (वि.सं. २०२३) मा कलकत्ताबाट फर्मा के.एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभल् नेपाल्* ३ भाग।

तुलसीराम वैद्य र पुरुषोत्तम लोचन श्रेष्ठ २०५९

= ई.सं. २००२ (वि.सं. २०५९) मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, तुलसीराम वैद्य र पुरुषोत्तम लोचन श्रेष्ठको *भक्तपुर राज्दरबार्*।

धनवज्र वज्राचार्य २०२१

= वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* २ पूर्णाङ्कका २०-३३ पृष्ठमा छापिएको, धनवज्र वज्राचार्यको *मल्लकालमा देशरक्षाको व्यवस्था र त्यसप्रति प्रजाको कर्तव्य*।

धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९

= वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *इतिहास-संशोधनको प्रमाण-प्रमेय*।

नरहरिनाथ २०१२

= वि.सं. २०१२ मा काठमाडौँबाट इतिहास-प्रकाश-मण्डलद्वारा प्रकाशित *इतिहासप्रकाश* १ अङ्कका ५९-६१ पृष्ठमा छापिएको, नरहरिनाथको *यक्षमल्लशिलालेखः* (यक्ष मल्लको शिलालेख)।

पुरु[2]षोत्तम लोचन श्रेष्ठ २०५४

= वि.सं. २०५४ मा भक्तपुरबाट भक्तपुरनगरपालिकाद्वारा प्रकाशित, पुरुषोत्तम लोचन श्रेष्ठको *सिद्ध पोखरी– एक ऐतिहासिक विश्लेषण*।

---

१. यही पूर्णाङ्कको ११ पृष्ठमा १ सङ्ख्याको टिप्पणी।

२. त्यहां पुरूषोत्तम छापिए पनि पुरुषोत्तम शुद्ध भएकोले माथि पुरुषोत्तम लेखिएको हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रजीत शाक्य, राजेश आचार्य र ज्ञानबहादुर के.सी. २०६०

= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* ११३ पूर्णाङ्कका १-५३ पृष्ठमा छापिएको; प्रजीत शाक्य, राजेश आचार्य र ज्ञानबहादुर के.सी.को *पूर्णिमामा छापिएका लेखको सूची*।

महेशराज पन्त २०५७

= ई.सं. २००० (वि.सं. २०५७) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, महेशराज पन्तको *जातरूप' ज् कमेन्टरि अन् दि अमरकोष* (*अमरकोष*मा जातरूपको टीका) १ भाग ।

रुक्मिणी प्रधान (वन्त) २०६१

= वि.सं. २०६१ मा काठमाडौंबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, रुक्मिणी प्रधान (वन्त)को *काठमाडौं उपत्यकाका सरस्वतीमूर्तिहरू र पूजा-परम्परा* ।

लूछ्याह्रो पेतेक २०१५

= ई.सं. १९५८ (वि.सं. २०१५) मा रोमबाट ईस्तीतूतो ईताह्लयाह्रो पेर ईल मेद्यो एद एस्त्रेमो ओर्येन्तेद्वारा प्रकाशित, लूछ्याह्रोे पेतेकको *मेड्इईभल् हिस्टरि अफ् नेपाल् (सी. ७५०-१४८०)* (नेपालको मध्यकालको इतिहास (अन्दाजि वि.सं. ८०७-१५३७)) ।

लूछ्याह्रो पेतेक २०४०

= ई.सं. १९८४ (वि.सं. २०४०) मा रोमबाट ईस्तीतूतो ईताह्लयाह्रो पेर ईल मेद्यो एद एस्त्रेमो ओर्येन्तेद्वारा प्रकाशित, लूछ्याह्रो पेतेकको *मेड्इईभल् हिस्टरि अफ् नेपाल् (सी. ७५०-१४८२)* (नेपालको मध्यकालको इतिहास (अन्दाजि वि.सं. ८०७-१५३८)) ।

शङ्करमान राजवंशी २०२०

= वि.सं. २०२० मा काठमाडौंबाट श्री ५ को सरकार, पुरातत्त्व र संस्कृतिविभाग वीरपुस्तकालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *भक्तपुर-शिलालेख-सूची* ।

शङ्करमान राजवंशी २०२२

= वि.सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ८ पूर्णाङ्कका १४-२० पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *यक्षमल्लको*[३] *समयका निश्चित संवत् र तिथिमितिहरू*।

शङ्करमान राजवंशी २०२३

= वि.सं. २०२३ मा प्रकाशित *पूर्णिमा* ९ पूर्णाङ्कका १०-१७ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *यक्षमल्लको समयका निश्चित संवत् र तिथिमितिहरू*।

---

३. प्रजीत शाक्य, राजेश आचार्य र ज्ञानबहादुर के.सी. २०६०:३० मा ११ सङ्ख्याको टिप्पणी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यक्ष मल्लको पालामा सारिएका ९ वटा पुस्तकको पुष्पिका

– महेशराज पन्त

यहाँ तल छापिन लागेका सबै पुष्पिका यक्ष मल्लको पालामा सारिएका पुस्तकका हुन् । यी सबै पुष्पिका अरूहरूले पहिल्यै छपाइसकेका भए पनि तिनका सबै वाक्य प्रकाशमा आएका थिएनन् । हाम्रो यस कामबाट त्यसमाथि पूर्वसूरिहरूले दिएको पाठ पनि ठाउँठाउँमा सच्चिन गएको छ । हामीले पढेको पाठ मूलसँग दाँजेर हेर्न सजिलो होओस् भनी ती ती पुष्पिकाका फ्याक्सिमिलि पनि दिएका छौं । यी सबै पुस्तकको माइक्रोफिल्म नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाबाट भएको हो ।

मूलपाठमा हामीले प्रयोग गरेका चिह्नको विषयमा

१. मूल पुस्तकमा रेशा उप्किएर जाँदा पढ्न नसकिएको अक्षर यस्तो * चिह्नले जनाइन्छ ।
२. मूल पुस्तकमा अलि मेटिई पढ्न नसकिएको अक्षर यस्तो x चिह्नले जनाइन्छ ।
३. मूल पुस्तकमा अलि मेटिएको अक्षर प्रसङ्गानुरोधले यस्तो (   ) कोष्ठभित्र पढिन्छ ।
४. मूल पुस्तकमा रेशा उप्किएर जाँदा नष्ट भएको अक्षर प्रसङ्गानुरोधले यस्तो {   } कोष्ठभित्र पढिन्छ ।
५. मूल पुस्तकमा रेशा उप्किएर जाँदा अहिले पढ्न नसकिने, तर पूर्वसूरिले पढेको पाठ यस्तो [ ] कोष्ठभित्र दिइन्छ ।

१ सङ्ख्या

ने.सं. ५६७ (वि.सं. १५०४) श्रावणकृष्णदशमीको दिन (भाद्र ७ गते)[1] आदित्यवार
सारिसिद्धचाइएको *कातन्त्रवृत्तिविवरणपञ्जिका*
(केसरपुस्तकालयको लेखोट पुस्तकको ५८९ सङ्ख्या
= माइक्रोफिल्मको रीलसङ्ख्या सी ५५/७)
को पुष्पिका

कहाँ छापिएको –

लूछ्याह्वो पेतेक २०१५:१६३ = यक्ष मल्लको १२ सङ्ख्याको लिखत (२ पङ्क्तिको सम्बत्‌देखि ३ पङ्क्तिको °विजयराजे ॥ सम्म) ।

शङ्करमान राजवंशी २०२२:१७ = यक्ष मल्लको १९ सङ्ख्याको लिखत (२ पङ्क्तिको सम्बत्‌देखि ३ पङ्क्तिको °विजयराजे ॥ सम्म) ।

डिल्लीरमण रेग्मी २०२२:४२८ = यक्ष मल्लको १२ सङ्ख्याको लिखत (२ पङ्क्तिको सम्बत्‌देखि पुष्टकंसम्म र ३ पङ्क्तिको उठानदेखि °विजयराजे ॥[2] सम्म) ।

लूछ्याह्वो पेतेक २०४०:१७१ = यक्ष मल्लको २० सङ्ख्याको लिखत (२ पङ्क्तिको सम्बत्‌देखि ३ पङ्क्तिको °विजयराजेसम्म) ।

---

१. शङ्करमान राजवंशी २०२२:१७ ।
२. डिल्लीरमण रेग्मीको पाठमा विजयराज्ये छ । कहाँ छापिएको भन्ने प्रसङ्गमा यस्ता अन्तरको खयाल आइन्दा राखिनेछैन । लूछ्याह्वो पेतेक २०१५ मा मूलअनुसारको विजयराजे हुँदाहुँदै डिल्लीरमण रेग्मीको प्रभावमा परेर लूछ्याह्वो पेतेक २०४० मा त्यही शब्द विजयराज्ये बन्न गएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस पुष्पिकाको, माइक्रोफिलमवाट तयार गरिएको रीडर प्रिन्टको फ्याक्सिमिलि तल ३८ पृष्ठमा छ।

मूलपाठ

१. इति दुर्गसिंहोक्तकातन्त्र-

